NHS

एनएचएस आन्द्राको क्यान्सर
परीक्षण कार्यक्रम

# ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षण




Informed Choice
about Cancer Screening

एनएचएस ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षण ठूलो आन्द्राको क्यान्सरलाई रोकथाम गर्नको लागि गरिने एउटा नयाँ खालको परीक्षण हो । यसले सम्भाव्य रूपमा क्यान्सरमा परिणत हुन सक्ने पोलिप्स भनिने ठूलो आन्द्रामा हुने कुनै सानो वृद्धिलाई फेला पारेपछि त्यसलाई हटाएर यस्तो कार्य गर्छ ।

५५ वर्ष पुगेका सबै स्त्री तथा पुरुषलाई एनएचएसले ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षण उपलब्ध गराउँछ ।

यो पुस्तिकाले तपाईंलाई ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्ने कि नगर्ने भन्ने बारे छनौट गर्नमा मद्दत पुर्याउने उद्देश्य राख्छ ।

यसमा निम्न लिखित लगायतका जानकारीहरू समावेश गरिएको छ

- एनएचएसले ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षण किन उपलब्ध गराउँछ
- यसबाट के कुराको अपेक्षा गर्न सकिन्छ अनि
- तपाईंको लागि सम्भाव्य लाभ र जोखिमहरू

यदि तपाईं तथ्य तथा तथ्याङ्कहरू र ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षणको बारेमा एउटा सारांश चाहनुहुन्छ भने कृपया पृष्ठ ८ र ९ पल्टाउनुहोस् ।

**एनएचएसले ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षण किन उपलब्ध गराउँछ?**

एनएचएस ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षणले ठूलो आन्द्राको क्यान्सरलाई रोकथाम गर्न मद्दत पुर्याउँछ । परीक्षण गरिएको प्रत्येक ३०० मानिसहरू मध्ये यसले २ जनालाई ठूलो आन्द्राको क्यान्सर लाग्नबाट जोगाउँछ र ठूलो आन्द्राको क्यान्सरबाट एउटा जीवनलाई बचाउँछ ।

केही स्वास्थ्य सम्बन्धी समस्या हुनुको अर्थ तपाईंको लागि ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्न सम्भव नहुन सक्छ । अझ बढी जानकारीको लागि कृपया पृष्ठ ५ पल्टाउनुहोस् ।

# ठूलो आन्द्राको क्यान्सर के हो?

ठूलो आन्द्राको क्यान्सर ठूलो आन्द्रामा सुरु हुने क्यान्सरको लागि प्रयोग गरिने पदावली हो । यसलाई कोलोरेक्टल क्यान्सर पनि भनिन्छ । आन्दाको क्यान्सर प्रायजसो पोलिप्स भनिने ठूलो आन्द्रामा हुने सानो खालको वृद्धिबाट सुरु हुन्छ ।

सामान्यत: पोलिप्सले लक्षणहरू उत्पन्न गर्दैन तर त्यसलाई हटाइएन भने त्यस मध्येको केही ठूलो आन्द्राको क्यान्सरमा परिणत हुन पनि सक्छ ।

आन्द्राले तपाईंले खाएको खानालाई पचाउनमा मद्दत पुर्‍याउँछ । खानेकुरा आन्द्राबाट गइ सकेपछि बाँकी रहने कुरा दिसा हो ।

ठूलो आन्द्रा र सानो आन्द्रा गरि आन्द्राका दुई वटा भागहरू हुन्छन् । तलको चित्रमा ठूलो आन्द्रालाई गुलाबी रङ लगाइएको छ ।

युकेमा आन्द्राको क्यान्सर तेस्रो सबैभन्दा बढी हुने क्यान्सर हो । प्रत्येक १८ जना मानिसहरू मध्ये करिब १ जनाको जीवनकालमा आन्द्राको क्यान्सर हुन्छ । महिला र पुरुष दुवै यसको जोखिममा छन् । उमेर ढल्केका मानिसहरूमा आन्द्राको क्यान्सर बढी हुने गर्छ । आन्द्राको क्यान्सर हुने धेरै जसो मानिसहरू ५५ वर्ष भन्दा माथिका हुन्छन् ।

आफ्नो परिवारमा कसैलाई पनि क्यान्सर नभएको भए पनि त्यस्तो मानिस आन्द्राको क्यान्सर हुने जोखिममा पर्न सक्छन् ।



# ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षण के हो?

आन्द्रा भित्र बोवेल स्कोप परीक्षणमा ठूलो आन्द्रालाई हेर्नको लागि टुप्पो पटि एउटा सानो क्यामेरा जडान भएको एउटा लचिलो खालको पातलो नली प्रयोग गरिन्छ।

यसले आन्द्राबाट पोलिप्स भनिने सानो वृद्धिलाई फेला पारेर त्यसलाई त्यहाँबाट हटाउन सक्छ। सामान्यतः पोलिप्सले लक्षणहरू उत्पन्न गर्दैन तर त्यसलाई हटाइएन भने त्यस मध्येको केही आन्द्राको क्यान्सरमा परिणत हुन पनि सक्छ। आन्द्रा भित्र बोवेल स्कोप परीक्षणको लागि प्राविधिक शब्द फ्लेक्सिबल सिग्मोईडोस्कोपी स्क्रिनिङ हो ९कहिलेकाहीं फ्लेक्जिसिग भनिन्छ०

## ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षणमा के समावेश हुन्छ?

विशेष रूपमा तालिम प्राप्त नर्स वा चिकित्सकद्वारा ठूलो आन्द्रा भित्र बोवेल स्कोप परीक्षण एउटा एनएचएस आन्द्रा भित्र बोवेल स्कोप परीक्षण केन्द्रमा गरिन्छ। नर्स वा चिकित्सकद्वारा पातलो लचकदार नली तपाईंको मलद्वारमा छिराउँछ अनि सानो क्यामेरा प्रयोग गरेर तपाईंको ठूलो आन्द्राभित्र हेर्छ। आन्द्रा भित्र बोवेल स्कोप परीक्षणले ठूलो आन्द्राको तल्लो भागमा हेर्छ किनभने धेरै जसो पोलिप्सहरू त्यही फेला पर्छन।

नर्स वा चिकित्सकले तपाईंको आन्द्रामा सानो नली पसाउँदा तिनीहरूले बिस्तारै केही कार्बन डाईअक्साईड ग्यास पम्प गरेर भित्र पठाउँछन्। यसले आन्द्रालाई खोलिदिन्छ ता कि नर्स वा चिकित्सकले कुनै पनि पोलिप्सहरू देख्न सकोस्।

यदि तिनीहरूले कुनै पोलिप्स फेला पारेमा तिनीहरूले सामान्यतः त्यसलाई सोझै झिकिदिन्छन्। सामान्यतः त्यो काम त्यस नलीबाट पठाइने एउटा सानो तारको लुप प्रयोग गरेर गर्ने गरिन्छ। कहिले काहीं नर्स वा चिकित्सकले सूक्ष्मदर्शक यन्त्रमा हेर्नको लागि आन्द्राको सानो टुक्रा ९एउटा बायोप्सी० पनि झिक्छन्। पोलिप्स झिक्दा वा बायोप्सी गर्दा दुवैमा कुनै पिडा हुँदैन।

## यदि मैले आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्ने छनौट गरे भने के हुन्छ?

### तपाईंले चिकित्सकलाई भेट्न भन्दा दुई हप्ता पहिला

एनएचएस आन्द्रा भित्र बोवेल स्कोप परीक्षण केन्द्रले तपाईंलाई पत्र पठाउने छ। त्यस पत्रमा एउटा एनिमा र त्यसलाई कसरी प्रयोग गर्ने भन्नेबारे निर्देशनहरू समावेश हुनेछ। त्यो एनिमा तपाईंको ठूलो आन्द्रामा कुनै दिसा भए त्यसलाई सफा गर्नको लागि प्रयोग गरिन्छ ता कि नर्स वा चिकित्सकले तपाईंको आन्द्रा राम्ररी देख्न सकोस्। एनिमा एउटा टुटीसँग एउटा सानो प्लास्टीकको पुरिया भित्र आउँछ। धेरैजसो मानिसहरूले त्यसलाई प्रयोग गर्न सहज भएको पाउँछन्।



## तपाईंले चिकित्सकसँग भेट्ने दिन

- आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्न जानको लागि घर छाड्नु भन्दा करिब एक घण्टा पहिला त्यो एनिमा प्रयोग गर्नुहोस् ।
- एनिमा प्रयोग गर्नको लागि तपाईंले प्लास्टिकको पुरियाबाट तरल पदार्थलाई निचोरेर मल द्वार भित्र हाल्नु पर्छ । त्यस एनिमा प्रयोग गरि सकेपछि त्यसले तपाईंलाई चाँडै नै दिसा गराउनेछ ।
- त्यस एनिमाले तपाईंको आन्द्रालाई कैयन घण्टा सम्म सफा राख्नु पर्छ ।
- तपाईं एनएचएस आन्द्रा भित्र बोवेल स्कोप परीक्षण केन्द्रमा आइ पुगे पछि नर्स वा चिकित्सकले के हुनेछ भन्नेबारे व्याख्या गर्नेछ, तपाईंको कुनै प्रश्न भए उत्तर दिनेछ र तपाईंका सरोकारहरू सुन्नेछ ।
- तिनीहरूले तपाईंलाई अस्पतालको एउटा लुगा लगाउन लगाउनेछन् अनि आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्नको लागि तयार हुनको लागि एउटा ओछ्यानमा सुत्न लगाउनेछन् ।
- परीक्षण ताका यदि तपाईं चाहनुहुन्छ भने तपाईंले एउटा टेलिभिजन पर्दामा आफ्नो आन्द्रा भित्रको भाग हेर्न सक्षम हुनु हुनेछ ।
- नर्स वा चिकित्सकले यदि कुनै सानो वृद्धि (पोलिप्स) भिक्यो भने त्यो कुरा सोझै तपाईंलाई भनिदिनेछन् ।





ठूलो आन्द्रा भित्र एउटा
बोवेल स्कोप



## तपाईंले चिकित्सकलाई भेटेको दुई हप्तामा

तपाईंलाई तपाईंको ठूलो आन्द्रा भित्र बोवेल स्कोप परिक्षणको परिणाम एउटा हुलाक पत्रमा पठाइनेछ । तपाईंको जिपीले पनि तपाईंको परिणाम प्राप्त गर्नेछ ।

## आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्नको लागि कति समय लाग्छ?

आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्नको लागि सामान्यत: केही मिनेट मात्र लाग्छ तर चिकित्सकलाई भेट्ने सम्पूर्ण समय करिब डेढ घण्टा जति लाग्छ ।

परीक्षण केन्द्रबाट तपाइँ कति टाढा बस्नुहुन्छ भन्ने कुरा माथि भर परेर तपाइँ चिकित्सकलाई भेट्नको लागि तयार हुन र आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्नको लागि आधा दिनसम्मको समय लाग्न सक्छ ।

## आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्दा कस्तो अनुभव हुन्छ?

धेरैजसो मानिसहरू आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्दा कुनै पिडा नभएकोमा खुशी छन् ।

यदि तपाईंले कुनै प्रकारको पिडा भएको अनुभव गर्न भएमा त्यो प्राय: सधैं जसो केही क्षणको लागि मात्र कायम रहन्छ । त्यो प्रायजसो आन्द्रा खोल्नको लागि प्रयोग गरिएको कार्बोन डाईअक्साईडको कारणले गर्दा भएको हुन्छ जसले तपाईंलाई तपाईंको पेट भित्र फुलिएको जस्तो वा बाउँडिएको जस्तो अनुभव दिन सक्छ । यदि तपाईंले पिडा अनुभव गर्नभयो भने नर्स वा चिकित्सकलाई भन्नुहोस् अनि तपाईंलाई सम्भव भएसम्म आरामदायी अनुभव गराउनको लागि तिनीहरूले गरि रहेको कुरालाई परिवर्तन गर्नेछन् । पोलिप्सलाई आन्द्राबाट झिक्नु सामान्यत: पिडादायी हुँदैन ।

केही मानिसहरूले आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराउनु लज्जाजनक भएको भन्ने गर्छन । नर्स वा चिकित्सकले तपाईंलाई सम्भव भएसम्मको आरामदायी अनुभव दिन सकेसम्म प्रयास गर्नेछन् ।

## के आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराउनु जोखिम पूर्ण छ?

आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराउनु सामान्यत: सुरक्षित छ तर दुर्लभ मामलाहरूमा यसले आन्द्रामा क्षति पुर्याउन सक्छ । प्रत्येक ३००० व्यक्तिमा करिब १ जना व्यक्तिमा आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गरेको कारणले उत्पन्न भएको गम्भीर खालको रक्तश्राव हुन सक्छ । कहिलेकाहीं आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्दा आन्द्रा च्यातिन पनि सक्छ । यो अझ बढी दुर्लभ हुन्छ ।

दुवै मामलाहरूमा तपाईंलाई सोझै अस्पताल भर्ना गरिने छ अनि तपाईंलाई शल्यक्रिया गर्नपर्ने आवश्यक हुन पनि सक्छ । धेरै जसो मानिसहरू पूर्ण रूपमा स्वस्थ्य हुन्छन् ।

आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गरिसकेर घर फर्कनु भएपछि यदि तपाईंलाई कुनै खालको अति पिडा भयो भने वा २४ घण्टा पछि पनि नरोकिने गरि दिसामा रगत आएमा तपाईंले तत्काल चिकित्सकलाई देखाउनु पर्छ ।

आन्द्रा भित्र पम्प गरेर पठाइएको कार्बन डाईअक्साईड हानीकारक हुँदैन ।

## यदि यस पटकको आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराउन म गइन भने के मैले मेरो अवसर गुमाउँछु?

मानिसहरूलाई ५५ वर्ष पुगेपछि एक पटक मात्र आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराउनको लागि निमन्त्रणा पठाइन्छ ।

तपाईंलाई पहिलो पटक निमन्त्रणा पठाउँदा आन्द्रा भित्र बोवेल स्कोप परीक्षण नगर्ने निर्णय गर्नु भयो भने तपाईंको ६० औ जन्मदिन सम्मको कुनै पनि समयमा यो परीक्षण गराउन सक्नु हुन्छ । चिकित्सकलाई भेट्ने समय मिलाउनको लागि निशुल्क फोन हेल्पलाईन नम्बर **०८०० ७०७ ६०६०** मा फोन गरेर सम्पर्क मात्र गर्नुहोस् ।

करिब ६० वर्षको उमेरमा तपाईंलाई फरक प्रकारको परीक्षण प्रयोग गरेर आन्द्राको क्यान्सर को अझ बढी परीक्षण गर्नको लागि निमन्त्रणा पठाइने छ । दिसामा देखिने रगतको अंशको लागि गरिने यो जाँच परीक्षण र यसलाई फेकल ककल्ट रक्त परीक्षण (छोटकरीमा एफओबी पर ीक्षण) को रूपमा जानिन्छ । एफओबी परीक्षणबारे अझ बढी जानकारीको लागि कृपया ुआन्द्राको क्यान्सर परीक्षणस तथ्यहरू नामक पुस्तिका हेर्नुहोला जुन निम्न वेभसाईटमा उपलब्ध रहेको छ **www.cancerscreening.nhs.uk/bowel.**

## के सबैले आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराउन सक्छन्?

केही स्वास्थ्य सम्बन्धी समस्याको अर्थ यो हुन्छ कि तपाईंले आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर ाउन सक्नुहुन्न । यदि तपाईंलाई निम्न लिखित मध्ये कुनै भएको छ भने कृपया निःशुल्क फोन हे ल्पलाईन नम्बर **०८०० ७०७ ६०६०** मा फोन गर्नुहोस्

- तपाईंको सम्पूर्ण ठूलो आन्द्रा पेटबाट झिकिएको छ भने वा तपाईंको दिसा सङ्कलन गर्नको लागि स्टोमा झोला छ भने
- तपाईंको ठूलो आन्द्रामा हाल आन्द्राको तापक सम्बन्धी अल्सर सम्बन्धी कोलिटिस वा क्रोहोन्स रोग रोगको लागि उपचार गराइ रहनु भएको छ भने (उदाहरणको लागि स्टेरोइडसँग)
- मुटुको शल्यक्रिया गर्नको लागि पर्खी रहनु भएको छ भने वा गत तीन महिना भित्र मुटुको शल्यक्रिया गर्नु भएको थियो भने
- फोक्सो वा मुटुमा भएको समस्याको कारणले गर्दा आराम नलिइकन १०० यार्ड भन्दा बढी हिँड्न सक्नुहुन्न भने
- चिकित्सकलाई भेट्ने समय लिन जानको लागि तपाईं निकै बिसन्चो भएको लागेमा

# आन्द्रा भित्र बोवेल स्कोप परीक्षणको परिणामहरू

## धेरैजसो मानिसहरूको सामान्य रहेको परिणाम निस्कन्छ ।

आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गरेका ३०० जना मानिसहरू मध्ये २८५ जनाको सामान्य रहेको परिणाम निस्कन्छ । यसको अर्थ कुनै पनि पोलिप्स वा क्यान्सर फेला नपरेको हुन्छ ।

तपाईंको परिणाम सामान्य निस्किए पनि आन्द्राको क्यान्सरको लक्षणहरू खोज्नु महत्वपूर्ण हुन्छ । यो किनभने सामान्य भएको परिणाम निस्किए पनि कहिलेकाहीं केही मानिसहरूमा आन्द्राको क्यान्सर लाग्न सक्छ । यदि यसबारे अझ बढी जानकारीहरू लिन चाहनुहुन्छ भने यस पृष्ठको विपरीतमा रहे को आन्द्राको क्यान्सरको लक्षणहरू के के हुन रु हेर्नुहोला।

## केही मानिसहरूमा पोलिप्स हुन्छ

नर्स वा चिकित्सकले सामान्यतः आफूले फेला पारेका कुनै पनि पोलिप्सहरू झिकिदिन्छन् । यदि तिनीहरूले पोलिप्सहरू झिकिदिए भने तपाईँलाई सोझै बताइ दिनेछन् । झिकिएको कुनै पनि पो लिप्सहरुलाई सूक्ष्मदर्शक यन्त्रमा राखेर हेर्नको लागि पठाइन्छ ।

आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गरेका ३०० जना मानिसहरू मध्ये करिब १४ जनालाई फेला पारिएको पलिप्सको प्रकारको कारणले गर्दा अर्को परीक्षण उपलब्ध गराइन्छ । यो परीक्षण सामान्यतः कोलोनोस्कोपी हुने गर्छ । एउटा कोलोनोस्कोपीले एउटा अझ लामो खालको लचकदार सानो नली प्रयोग गर्छ जसद्वारा आन्द्राको अझ माथि पोलिप्स छ कि भनेर हेर्ने गरिन्छ । कृपया **www.cancerscreening.nhs.uk/bowel** मा उपलब्ध रहेको पुस्तिका कोलोनोस्कोपी गराउनु हेर्नुहोला ।

मानिसहरूलाई पोलिप्स हटाउनको शल्य क्रिया गर्न फर्केर आउनको लागि बिरलै मात्र बोलाइन्छ । यस्तो आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गरेका प्रत्येक १००० मानिसहरू मध्ये १ जनालाई मात्र हुन्छ ।

## परीक्षणले दुर्लभतासाथ मात्र क्यान्सर फेला पार्ने गर्छ

आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गरेका ३०० मानिसहरू मध्ये १ जनालाई आन्द्राको क्यान्सर भइसकेको भेटिन्छ । यदि परीक्षणले क्यान्सर फेला पारेमा नर्स वा चिकित्सकले तपाइंको लागि जति सक्दो चाँडो एकजना विशेषज्ञसँग भेट्ने व्यवस्था मिलाइ दिनेछ । यदि क्यान्सर फेला परेमा प्रार म्भिक चरणमा नै त्यसलाई फेला पारिने सम्भावना बढी हुन्छ । यसको अर्थ यो हुन्छ कि तपाईंले सफल उपचार र जीवित रहने बढी असल अवसर पाउने राम्रो मौका पाउनु हुनेछ ।

# आन्द्राको क्यान्सरको लक्षणहरू के के हुन?

तपाईंले आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराइ सकेको भए पनि आन्द्राको क्यान्सरको लक्षणहरू खोज्नु महत्वपूर्ण हुन्छ। आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराइ सकेपछि पनि तपाईंलाई आन्द्राको क्यान्सर हुन सक्छ। यो पनि हो कि आन्द्रा भित्र बोवेल स्कोप परीक्षणले कहिलेकाहीं पोलिप्स वा क्यान्सर फेला पार्न छुटाएको हुन सक्छ।

आन्द्राको क्यान्सरको लक्षणहरू निम्न लिखित छन् स

- दिसामा रगत देखिनु
- तपाईंको आन्द्राको बानी व्यहोरामा आएको कुनै पनि परिवर्तन
- तपाईंको पेटमा एउटा व्याख्या नगरिएको मासुको लुम्सा
- सामान्य भन्दा नरम खालको दिसा
- व्याख्या नगरिएको थकान वा तौल घट्नु अनि
- पेट भित्र फुलिनु वा सुनिनु वा पिडा हुनु

यदि तपाईंमा तीन हप्ता भन्दा बढी माथिका लक्षणहरू मध्ये कुनै पनि देखा परेमा तपाईंले आफ्नो जिपीलाई भेट्ने समय लिनु पर्छ।

सामान्यतः यी लक्षणहरूको अर्थ तपाईंलाई आन्द्राको क्यान्सर भएको छ भन्ने होइन। तर यदि तपाईंमा क्यान्सर भएको छ भने आफ्नो जिपीलाई भेट्न जानाले क्यान्सर पहिला नै पत्ता लाग्न सक्ने सम्भावना बढी हुन्छ।

आन्द्राको क्यान्सर जति चाँडो पत्ता लाग्छ सफल उपचार हुने अवसर त्यती नै असल हुन्छ।

# मलाई आन्द्राको क्यान्सर हुने अवसरलाई कम गर्न मैले के गर्न सक्छु ?

आन्द्राको क्यान्सर हुने अवसरलाई कम गर्नको लागि आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्नु सबैभन्दा असल विधि हो।

तपाईंले निम्न लिखित कुराहरू पनि गर्न सक्नुहुन्छ स

- शारीरिक रूपमा सक्रिय रहने
- स्वस्थ्य तौल राख्ने
- प्रशस्त फलफूल तथा तरकारीहरू र अन्य उच्च रेसादार खानेकुराहरू खाने
- रातो मासु र प्रशोधन गरिएको मासु कम मात्र खाने
- उचित मात्रामा मद्यपान गर्ने
- धुम्रपान नगर्ने

# आन्द्रा भित्र बोवेल स्कोप परीक्षणले आन्द्राको क्यान्सरलाई रोकथाम गर्नमा मद्दत पुर्याउँछ

यदि परीक्षण नगराएमा **३०० जना मध्ये ५ जना** मानिसहरूमा १० वर्षमा आन्द्राको क्यान्सर हुन्छ।

यदि तिनीहरूले परीक्षण गराएमा **२ जना कम मानिसलाई** आन्द्राको क्यान्सर हुन्छ।



# आन्द्रा भित्र बोवेल स्कोप परीक्षणले आन्द्राको क्यान्सरबाट जीवन रक्षा गर्नमा मद्दत पुर्याउँछ।

यदि परीक्षण नगराएमा १० वर्षमा **३०० जना मध्ये २ जना** व्यक्तिको आन्द्राको क्यान्सरको कारणले मृत्यु हुन्छ।

यदि मानिसहरूले परीक्षण गराएमा **१ जना कम मानिसको** आन्द्राको क्यान्सरबाट मृत्यु हुन्छ।



माथिको तथ्याङ्कहरू यस बखतको सबैभन्दा असल अनुमान हो। विशेषज्ञहरू यो अपेक्षा गर्छन् कि ५५ वर्षको उमेरमा आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराएमा आन्द्राको क्यान्सरलाई १० वर्ष भन्दा निकै बढी रोकथाम गर्छ।

# आन्द्रा भित्र बोवेल स्कोप परीक्षणबारे तथ्य र तथ्याङ्कहरू

**यसले मलाई आन्द्राको क्यान्सर लाग्न बाट रोकथाम गर्न सक्छ?**

परीक्षण गरिएको प्रत्येक ३०० मानिसहरूको लागि १० वर्षमा २ जना कम मानिसलाई आन्द्राको क्यान्सर लाग्छ। अझ बढी जानकारीको लागि यस विपरीतको पृष्ठ हेर्नुहोला।

**के यसले आन्द्राको क्यान्सरबाट मेरो मृत्यु हुनबाट रोकथाम गर्न सक्छ?**

परीक्षण गरिएको प्रत्येक ३०० मानिसहरूको लागि परीक्षण गराएको १ जना कम मानिस आन्द्राको क्यान्सरबाट मर्नेछ। अझ बढी जानकारीको लागि यस विपरीतको पृष्ठ हेर्नुहोला।

**के यसमा जोखिम छ?**

प्रत्येक ३००० व्यक्तिमा करिब १ जना व्यक्तिमा आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गरेको कारणले उत्पन्न भएको गम्भीर खालको रक्तश्राव हुन सक्छ। यस भन्दा पनि दुर्लभतासाथ आन्द्रा च्यातिन पनि सक्छ।

**के यसले केही गुमाउँछ ?**

आन्द्रा भित्र बोवेल स्कोप परीक्षणले आन्द्राको क्यान्सरमा परिणत हुन सक्ने ५ वटा मध्ये ४ वटा पोलिप्सहरूलाई फेला पार्ने गर्छ।

**के मलाई अरू बढी परीक्षणहरू गर्नै आवश्यक हुन्छ?**

आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराएका १०० जना मानिसहरू मध्ये ५ जनालाई ठूलो आन्द्राको सम्पूर्ण भाग हेर्नको लागि कोलोनोस्कोपी उपलब्ध गराइने छ।

**यसको लागि कति समय लाग्छ?**

तपाईंले चिकित्सकलाई भेट्नको लागि तयारी हुन र आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराउनको लागि आधा दिनसम्म लाग्न सक्छ।

**के यो लज्जाजनक हुन्छ?**

परीक्षण गराएका १०० जना मध्ये ९५ जना व्यक्तिले आन्द्रा भित्र बोवेल स्कोप परीक्षण लज्जाजनक नभएको बताएका छन्।

**के या पिडादायी छ?**

परीक्षण गराएका १०० जना मध्ये ८० जना व्यक्तिले आन्द्रा भित्र बोवेल स्कोप परीक्षण कुनै पनि पिडा अनुभव नगरेको वा थोरै मात्र पिडा भएको बताएका छन्। १०० जनामा करिब ३ जनाले आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गर्दा अत्यन्त पिडा भएको बताएका छन्।

**के मैले यो गरेपछि खुशी हुनेछु?**

१०० जना मध्ये करिब ९८ जना व्यक्तिले आफूले आन्द्रा भित्र बोवेल स्कोप परीक्षण गराएकोमा आफूलाई खुशी लागेको बताएका छन्।

# यदि मसँग कुनै प्रश्न छ भने मैले कसरी सम्पर्क गर्न सक्छु?

आन्द्रा भित्र बोवेल स्कोप परीक्षणबारे यदि तपाईंसँग कुनै प्रश्न वा सरोकार छ भने कृपया निःशुल्क फोन हेल्पलाईन **०८०० ७०७ ६० ६०** मा फोन गर्नुहोला ।

यदि तपाईं हामीले यो पुस्तिका लेख्नको लागि प्रयोग गरेको स्रोतहरूको सन्दर्भ लगायत अझ विस्तृत जानकारी लिन चाहनुहुन्छ भने कृपया निम्न वेभ साईट हेर्नुहोलाः **www.cancerscreening.nhs.uk/bowel.**

यो पुस्तिका ब्रेल लिपिमा, सुन्न मिल्ने सँस्करण र ठूलो अक्षरमा पनि उपलब्ध रहेको छ । तपाईंले यस पुस्तिकाको अङ्ग्रेजी बाहेक अन्य विभिन्न भाषाका सँस्करणहरू निम्न वेभ साईटमा पाउन सक्नुहुन्छ । **www.cancerscreening.nhs.uk/bowel.**

तपाईंको टिप्पणीहरूको लागि यहाँ खालि स्थान छाडिएको छ ।

Crystal Mark 20587
Clarity approved by Plain English Campaign

यो पुस्तिका क्यान्सर परीक्षणबारे बुद्धिमानी छनौट(किङ्स हेल्थ पार्टनर्समा विशेषज्ञहरूको एउटा टोलीद्वारा विकास गरिएको हो ।

www.informedchoiceaboutcancerscreening.org

एनएचएस क्यान्सर परीक्षण कार्यक्रमको आर्थिक सहयोग, जनवरी २०१३ । समीक्षा गरिने मिति डिसेम्बर २०१५

**feltonworks.com**

KING'S HEALTH PARTNERS

An Academic Health Sciences Centre for London

Pioneering better health for all